नेपाल लघु वित्त बैंकर्स संघ
Nepal Microfinance Banker's Association
(NMBA)

जि.प्र.का. काठमाडौं
दर्ता नं: ५४१/०६३
दर्तामिति: २०६३/८/१३
स.क.प.द.नं: २६१८३
स्थायी लेखानं: ३०२७४५०१६
ठेगाना:का.जि.का.म.न.पा.
वडा नं १०, बिजुलीबजार, काठमाडौं

# प्रेस विज्ञप्ति

नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको ऐन, नियम, कानून र निर्देशनको परिधिमा रही पब्लिक लिमिटेड कम्पनीको रुपमा सञ्चालित लघुवित्त वित्तीय संस्थाहरुले आम जनता बाटै संकलित ठूलो परिमाणको बचत रकम विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जाको रुपमा प्राप्त गरी दुर्गम क्षेत्रमा बसोबास गर्ने लाखौं विपन्न परिवारहरुलाई सरल र सहज तरिकाले घर दैलोमै वित्तीय सेवा प्रदान गर्दै महत्वपूर्ण योगदान पुऱ्याई रहेको ब्यहोरा अवगत नै छ ।

लघुवित्त वित्तीय संस्थाहरुको योगदानको अनादर गरी निहित स्वार्थबाट प्रेरित केही समूहहरुबाट बेला बखत संस्थाका शाखा कार्यालयमा तोडफोड गर्ने तथा कर्मचारीहरुलाई कुटपिट गर्ने लगायतका घटनाहरु भईरहेका छन् ।

यसै सन्दर्भमा मिति २०८२/०३/१५गते आइतबारका दिन मेरो माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाको शाखा कार्यालय सितापुर, सिराहामा संघर्ष समितिको नाममा ५०-६० जना व्यक्तिहरु आई कर्मचारीलाई हातपात गर्दै कार्यालयमा ताला बन्दी गरेकोमा मिति २०८२/०३/१६ मा नेपाल प्रहरी, सोही वडाका वडाध्यक्षको रोहबरमा ताला फोरी कार्यालय खोलिएको थियो । मिति २०८२/०३/१७ मा पुनः करीब २/३ सय जनाको हुलले शाखा कार्यालयमा आई कर्मचारीलाई ज्यान मार्ने धम्की दिँदै ढुङ्गा मुढा गरेको, कार्यालयको झ्याल-ढोकामा लगाइएका सिसा तोडफोड गरेको, शाखाको साइन बोर्ड च्यातेको र सुरक्षार्थ खटिएका प्रहरीहरु लाई समेत ढुङ्गामुढा गरेकाले प्रहरीले १ राउण्ड हवाई फायर र २ वटा अश्रुग्यास प्रहार गरी २ जना पुरुष र ४ जना महिलालाई नियन्त्रणमा लिएको थियो । तर मिति २०८२/०३/१८ मा प्रहरीले नियन्त्रणमा लिएकाहरुलाई सामान्य सहमति गरी छोडिएको कारण सम्बन्धित शाखा कार्यालयका कर्मचारीहरुलाई नियमित रुपमा काम काजगर्न अझै त्रासको वातावरण सिर्जना भएको छ ।

यस प्रकारका हुल हुज्जत तथा ढुङ्गामुढाका घटनाहरुको लघुवित्त वित्तीय संस्थाहरुको छाता संगठन नेपाल लघुवित्त बैंकर्स संघ घोर भर्त्सना गर्दछ । यस्ता अवाञ्छित गति विधिले ग्राहकहरु तथा विपन्न वर्गले वित्तीय सेवा सहज रुपमा पाउने अधिकारबाट बञ्चित हुन पुगेको छ भने ऐन, कानून बमोजिम स्थापित संस्थाहरुले कानून बमोजिम कारोबार गर्ने अधिकारबाट वञ्चित हुन पुगेकोमा यस संघ खेद प्रकट गर्दछ । वित्तीय संस्थाको कार्यालय भित्र हुने यस्ता किसिमका अराजक गतिविधिलाई तत्काल नियन्त्रण गर्न र दोषीहरुलाई कानुनी दायरामा ल्याउन हामी सम्बन्धित पक्ष सँग जोडदार माग गर्दछौं । साथै अत्यावश्यक सेवा अन्तर्गत रहेको वित्तीय सेवा नियमित रुपमा सञ्चालनमा रहने वातावरणको लागि सहयोग पुऱ्याई दिनुहुन नेपाल सरकार, नेपाल राष्ट्र बैंक, स्थानिय सरकार तथा सम्बन्धित निकायहरुमा हार्दिक अनुरोध गर्दछौं ।

ग्राहकर संस्था बिचमा सुमधूर सम्बन्ध कायम गरी ग्राहक संरक्षणको आधारलाई मुख्य प्राथमिकतामा राखी सेवा प्रवाह गर्न लघुवित्त वित्तीय संस्थाहरु सदैव दृढ रहेको कुरा सम्पूर्ण सरोकार वाला निकायहरु तथा ग्राहकहरुमा यस संघ जानकारी गराउन चाहन्छ । साथै, यस्ता किसिमका घटनाहरुबाट कत्ति पनि बिचलित नभई आगामी दिनमा पनि निरन्तर रुपमा ग्राहक सदस्यहरुलाई अझ उत्कृष्ट सेवा उपलब्ध गराउने कुराको प्रतिवद्धता पनि व्यक्त गर्दछौं ।

धन्यवाद ।

रामबहादुर यादव
अध्यक्ष
मिति२०८२/०३/१९